नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :-
च.नं.

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

नेपाल सरकारले आर्थिक वर्ष ०७८/७९ मा प्रजातान्त्रिक मुलुक नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री जननायक विश्वेश्वर प्रसाद (बी.पी.) कोइरालाले राजनैतिक, ऐतिहासिक, सामाजिक, साहित्यिक क्षेत्रमा पुऱ्याउनु भएको अतुलनीय योगदानको कदरस्वरुप नेपाल सरकार (मन्त्रीपरिषद्) मिति २०७८/०६/११ को निर्णयानुसार बी.पी. कोइराला राष्ट्रिय पुरस्कार सम्बन्धी कार्यविधि, २०७८ सहित बी.पी.कोइराला राष्ट्रिय पुरस्कारको स्थापना गरिएको हो।

यस अन्तर्गत २०७८ सालको उक्त पुरस्कार राजनीतिक दर्शन र साहित्यक विधामा देहायका स्रष्टा एवं संस्थाहरुलाई संयुक्त रुपमा प्रदान गरिने नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७९/०२/२० मा निर्णय भएको छ ।उक्त पुरस्कारको राशी नगद रु दुई लाख र सम्मानपत्र रहेको छ । यसका लागि मन्त्रालयका श्रीमान् सचिवज्यूको संयोजकत्वमा ५ सदस्यीय छनौट समिति गठन गरिएको थियो ।

आज मिति २०७८/०४/०६ गते शुक्रबारका दिन विशेप समारोहबीच सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको प्रमुख आतिथ्यता एवं माननीय मन्त्री श्री जीवन राम श्रेष्ठज्यू, माननीयज्यूहरु, पूर्वमन्त्रीज्यूहरु, मन्त्रालयका सचिवज्यूहरु, नेपाल सरकारका विशिष्ट पदाधिकारीहरु, पुरस्कृत स्रष्टाहरु, आमन्त्रित व्यक्तित्वहरु, सञ्चारकर्मीहरु लगायतको उपस्थितिमा पुरस्कार समर्पण कार्यक्रम सुसम्पन्न भयो ।पुरस्कृत स्रष्टा एवं संस्थाहरुको विवरण यसैसाथ संलग्न छ ।

**आ. व. २०७८/२०७९ मा वी.पी. कोइराला राष्ट्रिय पुरस्कार २०७८ बाट सम्मानित हुनुहुने व्यक्ति वा संस्थाहरु**

**(क) राजनीतिक दर्शन विधातर्फ : (२ जनालाई संयुक्त रुपमा प्रदान गरिएको ।)**

| | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | राजनीतिक दर्शन | श्री वि.पी.संग्रहालय | सुन्दरीजल । |
| २ | राजनीतिक दर्शन | श्री पुरुषोत्तम बस्नेत | सिफलहाइट, काठमाडौ । |

**(ख) साहित्यिक विधातर्फः (२ जनालाई संयुक्त रुपमा प्रदान गरिएको ।)**

| क्र. सं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | साहित्यिक | डा. विष्णुविभु घिमिरे | भिमसेनगोला, काठमाडौं |
| २ | साहित्यिक | डा.ध्रुवचन्द्र गौतम | महाराजगञ्ज, काठमाडौं |

धन्यवाद

डा. टोकराज पाण्डे
सह-सचिव एवं प्रवक्ता
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय